# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## धुपुरे दाङ
## लुम्बिनी प्रदेश नेपाल

पत्र संख्या :-

चलानी नं. :-

प्रथम पटक सुचना प्रकाशित मिति २०८२।०८।०१

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ ले भवन तथा सडक निर्माण सम्बन्धी मापदण्डको व्यवस्था गरेको छ । यस कार्यालय तथा वड़ा कार्यालयहरुबाट भवन निर्माण सम्बन्धी जानकारीहरु सम्बन्धित घरधनिहरुलाई जानकारी गराईएता पनि यस गाउँपालिकाको स्वीकृत वेगर विना ड्इङ्ग, डिजाईन आफ्नो अनुकुल ढङ्गले भवन, घरहरु निर्माण गर्ने र त्यस पछि आवश्यक पर्दा मात्र गाउँपालिकामा सम्पर्क राखे गरेको पाईएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले सबै स्थानीय तहहरुले राष्ट्रिय भवन संहिता पालना गर्नु पर्ने व्यवस्था बमोजिम यस बबई गाउँपालिका भित्र निर्माण भएका भवनहरुको घर नक्सा एवं अभिलेखिकरणलाई व्यवस्थित गर्ने उद्देश्यका साथ भवन संहिता २०७२ लागु हुनु पुर्व र लागु भए पश्चात तत्कालिन कानुन वमोजिम धरनक्सा पास गरी घर निर्माण गर्नु पर्नेमा अधिकांश व्यक्तिहरुले नक्सापास नगरी घर निर्माण स्वीकृत बेगर निर्माण भएका, मर्मत भएका घरहरुको अभिलेखिकरण गरी बबई गाउँपालिकाको बस्ती विकास तथा शहरीकरणको अवधारणालाई मुर्तरुप दिन बबई गाउँपालिकाको घर नक्सा अभिलेखिकरण कार्यविधी, २०८१ स्वीकृत भई लागु भए बमोजिम एक पटकको लागी बबई गाउँकार्यपालिकाको मिति २०८२/०७/११ गतेको बैठकको निर्णय अनुसार हालसम्म नक्सा पास नभई निर्माण भएका घरहरुलाई अभिलेखिकरण गर्नका लागि २०८३ असार मसान्त सम्मको समय सीमा तोकी सार्वजनिक सुचना प्रकाशन गर्ने र २०८२।०८।०१ गते भन्दा पुर्व निर्माण भएका सबै व्यक्तिहरुका घरहरुको अभिलेखिकरण गर्नका लागी तपशिलका कागजात सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

१. जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि( घर निर्माण भएको कित्ताको) -१ प्रति
२. जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१ प्रति
३. नक्सापास किताव- १ प्रति
४. चालु आ.व. को मालपोत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि १प्रति
५. घर बनेको जग्गाको ब्लु-प्रिन्ट, फायल र ट्रेस नक्साको सकल प्रति१/१ प्रति
६. निवेदकको पासपोर्ट साईजको फोटो-३ प्रति
७. यस गाउँपालिकामा दर्ता भएका कन्सल्टेन्सीबाट तयार भई सहीछाप भएको घरको नक्सा-२ प्रति
८. चार किल्ला प्रमाणितको वडाको सिफारिस पत्र-१ प्रति
९. निर्मित घर टहरा तथा पक्की भवनको चौतर्फी फोटो-१/१ प्रति
१०. घर नक्सा अभिलेखिकरण दरखास्त फारम किनेको नगदी रसिद-१ प्रति ।

२०८२।०८।०१

.................

जोखिम वली

प्रमुख प्रशासकीय अधिकृत

जोखिम वली

प्रमुख प्रशासकीय अधिकृत


फोन नं.०८२-४०३०६९(अध्यक्ष), ०८२-४०३०७० (उपाध्यक्ष), ०८२-४०३०६८ (प्रमुख प्रशासकीय अधिकृत)
इमेल : ito.babaimun@gmail.com, info@babaimun.gov.np
वेबसाईट : https://babaimun.gov.np